बागमती प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय

# प्रदेश सुशासन केन्द्र

जावलाखेल, नेपाल

पत्र संख्या : ८२।८४
चलानी नं. : 02

मिति : २०८३।०४।०१

सरोज गुरुङगाईं
प्रमुख प्रशासकीय अधिकृत

श्री स्थानीय तह सबै,
बागमती प्रदेश ।

काठमाडौं महानगरपालिका
चलानी नं. ८६
मिति ८३।५।५

**विषय: सेवाकालीन तालिममा सहभागी मनोनयन सम्बन्धमा ।**

प्रदेश सुशासन केन्द्रको आ.व. २०८३/०८४ मा स्थानीय तहका कर्मचारीहरुको लागि सेवाकालीन तालिम कार्यक्रम रहेको छ । बागमती प्रदेशभित्रका स्थानीय तहमा कार्यरत अधिकृतस्तर सातौं/आठौं तहको कर्मचारीहरुको लागि **" विकास व्यवस्थापन तथा सेवा प्रवाह "** तथा **अधिकृतस्तर छैटौं** तहका कर्मचारीको लागि **"सार्वजनिक प्रशासन तथा विकास व्यवस्थापन "** विषयक ३५ कार्यदिने सेवाकालीन तालिम सञ्चालन हुने हुदाँ (प्राविधिक/अप्राविधिक) कर्मचारीहरुको मनोनयन गरी मिति २०८३ साउन २० गतेभित्र देहायबमोजिम विवरण सहित यस केन्द्रको इमेल admin.pcgg@bagamati.gov.np मा soft copy पठाइदिनुहुन निर्णयअनुसार अनुरोध छ।

देहाय

| कर्मचारी संकेत नं. | कर्मचारीको नाम | हाल कार्यरत कार्यालयको नाम | सुरु नियुक्ति मिति | समायोजन मिति | हाल पदमा नियुक्ति मिति | मोबाइल नं | जन्म मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

<u>आवश्यक योग्यता र सर्त</u>

१. कर्मचारीहरुको छनोट ज्येष्ठताको आधारमा गरिनेछ ।
२. सूचनासँग संलग्न गरिएको आवेदन मनोनयन फाराम स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतवाट स्वीकृत गराई Google लिङ्कमा अपलोड गर्नुपर्नेछ ।
३. आवेदन दिने कर्मचारीको वहाल रहेको पदमा कम्तीमा २ वर्ष पुगेको हुनुपर्नेछ ।
४. यसै विषयमा अन्य निकायवाट तालिम नलिएको हुनुपर्नेछ ।
५. सेवाकालीन तालिम कार्यक्रम सञ्चालन मिति अर्को सूचनामार्फत प्रकाशन गरिनेछ ।
६. सेवाकालीन तालिम केन्द्रको मुख्य भवन ललितपुरमा सञ्चालन गरिनेछ ।
७. सहभागी कर्मचारीलाई सेवाकालीन तालिम अवधिको यातायात खर्च, दैनिक भ्रमण भत्ता र आवास खर्च उपलब्ध गराईने छैन। कार्यक्रम सञ्चालन हुने दिनमा कार्यक्रमवाट खाजाको व्यवस्था गरिनेछ ।
८. सम्पर्क व्यक्ति : विनोद विडारी, मोबाइल नं. ९८५१०६२४०४

<u>Google Form लिङ्क</u>
<u>https://forms.gle/ZHLVdRD7qBRLWNtM8</u>

२०८३।०४।१०
(विनोद विडारी)
उपनिर्देशक

काठमाडौं महानगरपालिका
प्रशासन विभाग
दर्ता नं.: ९२
दर्ता मिति: ४।५